नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

# प्रेश विज्ञप्ती

नेपालको हिमाली क्षेत्रमा पाइने हिउचितुवा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को अनुसूची-१ मा संरक्षीत वन्यजन्तुका रुपमा रहेका २७ प्रजातिका स्तनधारी मध्यको एक प्रजाति हो । सन २००९ को अध्ययन अनुसार नेपालमा हिउचितुवाको अनुमानित सङ्ख्या ३५०-५०० रहेको छ । ३००० मिटरको उचाई देखी माथी पाइने हिंउचितुवा नेपालको करिव २७,००० वर्ग किलोमिटर क्षेत्रफलमा विचरण गरेको पाइन्छ ।

हिंउचितुवाको वैज्ञानिक अनुसन्धान गर्न चारवटा हिउचितुवामा Satellite Radio Collar जडान गर्ने नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय ( सचिवस्तर) को २०७०।०५।१७ को निर्णयानुसार मिति २०७२।०२।०७ गतेका दिन राती करिव ११ बजेको समयमा कञ्चनजंघा संरक्षण क्षेत्रभित्र अवस्थित गोला गा.वि.स. वडा नं. ९ याङ्मा गांउ भन्दा करिव ६५० मी उत्तरमा दोश्रो हिउचितुवालाई **Satellite Radio Collar** जडान गर्ने कार्य सम्पन्न भयो ।

**यस अनुसन्धानको मुख्य उद्देश्यहरु निम्नानुसार छन् :**

- हिउँ चितुवाको वासस्थान, विचरण क्षेत्र, आनीवानीको वारेमा जानकारी हाँसिल गर्नु,
- Keystone species हरुको संरक्षण, वासस्थान व्यवस्थापन, अनुसन्धानको लगायतका वनन्यजन्तु संरक्षण संग सम्वन्धित विषयमा सिमापार सहयोग तथा समन्वयको औचित्य पुष्टि गर्नु,
- उच्च हिमाली क्षेत्रमा विचरण गर्ने हिउँ चितुवाको अध्ययन अनुसन्धानबाट प्रजाति संरक्षण, तथा उच्च हिमाली पारिस्थितिकीय प्रणालीमा जलवायु परिवर्तनले पारेका असरहरुको वारेमा जानकारी हाँसिल गर्नु ।

**Satellite Radio Collar भएको हिउचितुवाको विवरण**

| | |
|---|---|
| नाम | ओमीखांग्री (ओलाङ्गचुङ्ग गोलाको प्रशिद्ध एक हिमाल ) |
| लिङ्ग | भाले |
| साररिक अवस्था | सामान्य |
| उमेर | अन्दाजी ५वर्ष |
| तौल | ४१ के.जी |

यस अघी मिति २०७०।०८।१० मा सोही संरक्षण क्षेत्रको लेलेप गा.वि.स. को खाम्बाचेन क्षेत्रमा भाले हिउचितुवामा Satellite Radio Collar जडान भएको र उक्त हिउचितुवा नेपाल, भारत र चिनको स्वशासीत क्षेत्र तिब्वतमा विचरण गरिरहेको पाइएको छ ।

हिउचितुवालाई Satellite Radio Collar जडान गर्ने कार्य राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नेतृत्वमा कञ्चनजंघा संरक्षण क्षेत्र आयोजना, कञ्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद, डब्लु डब्लु एफ नेपाल कार्यक्रम, राष्ट्रिय प्रकृति संरक्षण कोष, स्थानिय हिउ चितुवा संरक्षण समिति र स्थानिय उपभोक्ताको संलग्नतामा सम्पन्न भएको थियो ।

गोपाल प्रकाश भट्टराई
इकोलोजिष्ट इकोलोजिष्ट
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
मिति : २०७२ । जेष्ठ । २२ गते, शुक्रबार
तदनुसार जुन ५, २०१५